**इच्छाकामना गाउँपालिका**


**स्थानीय राजपत्र**

**खण्ड ९** **संख्या** **मिति २०८२।०८।१७**


**भाग-२**

इच्छाकामना गाउँपालिका

# इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि(दोस्रो संशोधन),२०८२

इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि
(दोस्रो संशोधन),२०८२

प्रमाणिकरण मिति :२०८०।०४।०५

प्रथम संशोधन :२०८०।०५।०५

दोस्रो संशधन :२०८२।०८।१७

**प्रस्तावना :**

इच्छाकामना गाउँपालिकाको "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०८०" र "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि(दोस्रो संसोधन २०८०)" लाई संशोधन गर्न वाञ्छनीय भएकोले, इच्छाकामना गाउँपालिकाको मिति २०८२।०८।१७ गतेको गाँउकार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन),२०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुल कार्यविधिको दफा (५) मा उपदफा उपदफा (६) मा थप** :मुल कार्यविधिको दफा ५ को उपदफा ५ पश्चात देहाय बमोजिमका उपदफा ५(क) राखिएको छ।

५(क) १) माथी दफा ५ मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय लेखा कर्मचारी, वालविकास सहजकर्ता, विद्यालय परिचर, सवारी चालकको छनौट सम्वन्धि कार्यको हकमा देहाय बमोजिमको छनौट समिति रहनेछ।

क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य -१ जना

ख) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र गाउँपालिका प्रतिनिधिको रोहवरमा माथिल्लो तह अध्ययन हुने विद्यालयको शिक्षक वा विज्ञ -१ जना

ग) गाउँपालिकाको शिक्षाशाखा प्रमुख वा निजले तोकेको कर्मचारी -१ जना

घ) सम्वन्धित विद्यालयको प्र. अ. -१ जना सदस्य सचिव

२) दफा २ को उपदफा ५(क) सगँ सम्बन्धित पदको छनौट समितिको सचिवालय सम्बन्धित विद्यायमा रहनेछ।

३) यस कार्यविधि बमोजिम छनौट हुने पदको पाठ्यक्रम गाउँपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

४) यस समितिको पदावाधी सम्वन्धित पदको नियुक्ति सिफारिस नभएसम्मको लागि रहनेछ।

५) छनौट समितिको छनौट सम्वन्धी कार्य सम्पन्न गर्नको लागी समितिले मापदण्ड बनाउन सक्नेछ।

६) स्थानीय र सम्बन्धित क्षेत्रको आवश्यक कागजात भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

७) रिक्तपदमा कम्तीमा ७ दिनको सुचना प्रकाशित गरि खुला प्रतिस्पर्धावाट छनौट कार्यसम्पादन गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

८) नियुक्त हुने पदको पारिश्रमिक नेपालक सरकारको नियमानुसार हुनेछ।

९) सिफारिस भएको मुख्य उम्मेदवार सिफारिस भएको मितिले ७ दिन भित्र विद्यालयमा हाजिर नभएमा बैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

आज्ञाले,

चन्द्रकान्त बस्नेत